# गण्डकी विश्वविद्यालय परीक्षा नियन्त्रक नियुक्ति सम्बन्धी मापदण्ड, २०८३

## स्वीकृत मितिः २०८३/०५/१७

गण्डकी विश्वविद्यालयको परीक्षा नियन्त्रक पदको पदपूर्ति गर्नु पर्ने देखिएकाले सो कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले, गण्डकी विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८३/०५/११ को निर्णयबमोजिम गठित परीक्षा नियन्त्रक छनोट तथा सिफारिस समितिले यो **"परीक्षा नियन्त्रक नियुक्तिसम्बन्धी मापदण्ड, २०८३"** तर्जुमा गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "गण्डकी विश्वविद्यालय परीक्षा नियन्त्रक नियुक्ति सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड छनोट तथा सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "क्रेडिट" भन्नाले शैक्षिक सेवामा कार्यरत शिक्षकले परीक्षा नियन्त्रकको पदमा नियुक्ति भएको अवस्थामा आफ्नो शैक्षिक कार्यभार सम्झनु पर्छ।

(ग) "छनोट तथा सिफारिस समिति" भन्नाले परीक्षा नियन्त्रकको छनोट तथा सिफारिस गर्न उपकुलपतिको संयोजकत्वमा रजिस्ट्रार र कानुन तथा व्यवस्थापन संकायको डिन सदस्य रहेको समिति सम्झनु पर्छ।

(घ) "नियन्त्रक" भन्नाले यस मापदण्ड बमोजिम छनोट गरी नियुक्त परीक्षा नियन्त्रक सम्झनुपर्छ।

(ङ) "नियमावली" भन्नाले गण्डकी विश्वविद्यालय शिक्षक, कर्मचारीको सेवा सर्त, नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापन सम्बन्धी नियमावली, २०८१ सम्झनु पर्छ।

(च) "शिक्षक" भन्नाले गण्डकी विश्वविद्यालयको शैक्षिक सेवामा कार्यरत उपप्राध्यापक, सहप्राध्यापक वा प्राध्यापक पदमा कार्यरत व्यक्ति सम्झनु पर्छ।

(छ) "समितिको कार्यालय" भन्नाले छनोट तथा सिफारिस समितिको सचिवालय (उपकुलपतिको कार्यालय, गण्डकी विश्वविद्यालय, पोखरा) सम्झनु पर्छ।

## परिच्छेद-२

## योग्यता

**३. योग्यताः** (१) गण्डकी विश्वविद्यालय सेवामा स्थायी नियुक्ति भई कम्तीमा उपप्राध्यापक पदमा कार्यरत व्यक्ति परीक्षा नियन्त्रक पदका लागि उम्मेदवार हुन योग्य हुनेछ।

(२) परीक्षा नियन्त्रक पदका लागि उम्मेदवार हुने व्यक्ति उच्च शिक्षा (एमफिल वा पिएचडी) अध्ययनका लागि भर्ना भएको वा अध्ययनका लागि बिदामा नबसेको हुनु पर्नेछ।

## परिच्छेद—३

## परीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि सिफारिस गर्ने कार्यविधि

**४. सूचना प्रकाशनः** (१) छनोट तथा सिफारिस समितिले विश्वविद्यालयको सूचनापाटी तथा विश्वविद्यालयको आधिकारिक वेबसाइटमा कम्तीमा सात दिनको म्याद दिई पदपूर्तिसम्बन्धी सूचना प्रकाशन गर्नुपर्नेछ।

**५. आवेदन पेस गर्ने प्रक्रियाः** (१) इच्छुक उम्मेदवारले छनोट तथा सिफारिस उपकुलपतिको कार्यालयमा भौतिक रूपमा वा समितिले तोकेको आधिकारिक इमेल ठेगानामा आवेदन पेस गर्न सक्नेछन्।

(२) आवेदनसँगै तपशिल बमोजिमका प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

(क) शैक्षिक योग्यता प्रमाणपत्रहरू,

(ख) स्थायी नियुक्तिको पत्र,

(ग) अनुभवको प्रमाण सिफारिस गरिएको पत्र,

(घ) विश्वविद्यालयको आय खाता रहेको बैंकमा आवेदन दस्तुरबापत रु. १,०००।— (एक हजार रुपैयाँ) दाखिला गरेको भौचरको प्रतिलिपि,

(ङ) प्राज्ञिक वा प्रशासनिक क्षेत्रमा पुस्तक लेखी प्रकाशन गरेको भए सोको प्रति,

(च) समकक्ष समीक्षित जर्नल (Peer-Reviewed Journal) मा प्रकाशित अनुसन्धानमूलक लेखको सुची

(छ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न भएको प्रमाणको प्रतिलिपि।

(ज) अद्यावधिक व्यक्तिगत विवरण (Curriculum Vitae)।

(झ) परीक्षा नियन्त्रकको कार्यालय र परीक्षासँग सम्बन्धित विषयहरू समेटी बढीमा दुई हजार पाँच सय (२५००) शब्द सम्मको व्यावसायिक कार्ययोजना शिलबन्दी गरी पेश गर्नुपर्नेछ। कार्ययोजना अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट, १२ फन्ट साइज र नेपाली भाषामा भए प्रीति वा युनिकोड फन्ट, १४ फन्ट साइजमा तयार गर्नुपर्नेछ। कार्ययोजनाको कभर पृष्ठमा बाहेक आवेदकको नाम, ठेगाना, सम्पर्क विवरण वा अन्य व्यक्तिगत विवरण उल्लेख गर्न वा राख्न पाइने छैन।

**६. नामावली प्रकाशनः** समितिले प्राप्त आवेदनहरूको आवश्यक छानबिन गरी योग्य ठहरिएका उम्मेदवारहरूको नामावली विश्वविद्यालयको सूचना पाटी वा वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद-४

## मुल्याङ्कन, छनोट प्रक्रिया र अन्तिम नतिजा

**७. प्रारम्भिक छनोटको मापदण्डः** दफा ६ बमोजिमका उम्मेदवारहरूलाई मात्र मूल्याङ्कन तथा छनोट प्रक्रियामा समावेश गरिनेछ।

**८. मूल्याङ्कन विधिः** (१) मूल्याङ्कन तथा छनोट कुल ५० अङ्कका आधारमा देहायबमोजिम गरिनेछः

**(क) पहिलो चरणको मूल्याङ्कनः** १) प्राज्ञिक उपलब्धि तथा अनुभवका लागि अधिकतम १५ अङ्क प्रदान गरिनेछ, जुन देहायबमोजिम हुनेछः

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अधिकतम अंक** |
|---|---|---|
| १ | शैक्षिक योग्यता<br>(क) स्नाकोत्तर<br>(ख) एमफिल वा पिएचडी | ५<br>४<br>१ |
| २ | शैक्षिक/प्रशासनिक सेवामा कार्य गरेको अनुभव (प्रतिवर्ष ०.५ अंक×८ वर्षसम्म) | ४ |
| ३ | प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशन | १ |
| ४ | समकक्ष समीक्षित (Peer-Reviewed) तथा Ranked Journal मा प्रकाशित लेख | ३ |
| ५ | प्राज्ञिक अनुसन्धानमूलक परियोजना | १ |
| ६ | विश्वविद्यालयको परीक्षा व्यवस्थापनमा गरेको विशेष योगदान (२०० भन्दा कम शब्दमा प्रमाण सहित पेश गर्ने) | १ |
| **जम्मा** | | **१५** |

२) पेश भएका कार्ययोजनाका शिलबन्दी खामहरूलाई गोप्यताका साथ कोडिङ गरी छनोट समितिले मूल्याङ्कन गर्नेछ र सोको डिकोडिङ गरी अङ्क तालिकामा भर्नु पर्नेछ।

३) **व्यावसायिक कार्ययोजना** तपशिल बमोजिमका आधारमा अधिकतम् **१५** अङ्क प्रदान गरिनेछः

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अधिकतम अंक** |
|---|---|---|
| १ | विश्वविद्यालयको परीक्षा प्रणालीको विद्यमान अवस्था, चुनौती र SWOT Analysis | ३ |

| | | |
|---|---|---|
| २ | परीक्षाको मर्यादा, प्रश्नपत्रको पूर्ण गोपनीयता र सुरक्षा व्यवस्थापनको खाका | ४ |
| ३ | परीक्षा प्रणालीमा सूचना प्रविधिको प्रयोग, सफ्टवेयर अटोमेसन र डिजिटल रेकर्ड व्यवस्थापन | २ |
| ४ | शैक्षिक क्यालेन्डर अनुसार समयमै परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनको योजना | २ |
| ५ | परीक्षा र मूल्याङ्कन पद्धतिमा सुधार, गुणस्तर सुनिश्चितता र विद्यार्थी गुनासो व्यवस्थापन | ४ |
| **जम्मा** | | १५ |

३) अन्तर्वार्ताका लागि छनोटः प्राज्ञिक उपलब्धि एवं अनुभव र व्यावसायिक कार्ययोजना (कुल ३० अङ्क) को मूल्याङ्कनपश्चात् उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारलाई मात्र अन्तर्वार्ताका लागि छनोट गरी सूचना प्रकाशित गरिनेछ।

**(ख) दोस्रो चरणको मूल्याङ्कनः** दोस्रो चरणमा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ। यस चरणको कुल अङ्कभार २० हुनेछ। उक्त अङ्कको विभाजन देहायबमोजिम हुनेछः

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अधिकतम अंक** |
|---|---|---|
| १ | कार्ययोजनाको प्रस्तुतीकरण शैली, स्पष्टता र सञ्चार कला | ७ |
| २ | विश्वविद्यालय ऐन, नियम र परीक्षा प्रणाली तथा व्यवस्थापन सम्बन्धी ज्ञान | ४ |
| ३ | समस्या समाधान, संकट व्यवस्थापन र तत्काल निर्णय लिने क्षमता | ४ |
| ४ | नेतृत्व क्षमता, उच्च नैतिकता र गोपनीयताप्रतिको प्रतिबद्धता | ४ |
| ५ | समय व्यवस्थापन | १ |
| | **जम्मा** | **२०** |

**९. अन्तिम नतिजा र सिफारिसः** (क) प्रथम र दोस्रो चरणबाट प्राप्त अंकहरू जोड गरी कुल प्राप्ताङ्क निर्धारण गरिनेछ।

(ख) उच्चतम कुल प्राप्ताङ्क प्राप्त गर्ने एक जना उम्मेदवारको नाम छनोट तथा सिफारिस समितिले परीक्षा नियन्त्रकको पदमा नियुक्तिका लागि कार्यकारी परिषद्समक्ष सिफारिस गर्नेछ।

(ग) परीक्षा नियन्त्रकको सेवा, सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद -५

## विविध

**१०. खर्चसम्बन्धी व्यवस्थाः** समितिको बैठक तथा समिति र विज्ञ वा कर्मचारीसँग सम्बन्धित बैठक सञ्चालन, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन तथा यससँग सम्बन्धित अन्य प्रशासनिक खर्च विश्वविद्यालयले प्रचलित नियमबमोजिम व्यहोर्नेछ।

**११. कागजातको संरक्षणः** समितिले सिफारिससम्बन्धी कार्य सम्पन्न गरेपछि सो कार्यसँग सम्बन्धित सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू विश्वविद्यालयमा सुरक्षित रूपमा संरक्षण गरिनेछ।

**१२. सचिवालयः** समितिको सचिवालय विश्वविद्यालय परिसरस्थित उपकुलपतिको कार्यालयमा रहनेछ।

**१३. मापदण्डको सीमाः** (१) यो मापदण्ड विश्वविद्यालयको परीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनमा मात्र सीमित रहनेछ।

(२) यो मापदण्ड विश्वविद्यालय ऐन वा प्रचलित नियमसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**१४. व्याख्या गर्ने अधिकारः** यो मापदण्डको कार्यान्वयनका क्रममा कुनै द्विविधा वा अस्पष्टता उत्पन्न भएमा समितिले आवश्यक निर्णय गरी सो विषयमा उपयुक्त व्याख्या गर्न सक्नेछ।

**अनुसूची - १**

**(दफा ५ सँग सम्बन्धित)**

**दरखास्तको ढाँचा**

श्रीमान् संयोजकज्यू,
गण्डकी विश्वविद्यालय परीक्षा नियन्त्रक छनोट तथा सिफारिस समितिको सचिवालय,
गण्डकी विश्वविद्यालय, पोखरा ।

**विषयः** दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा ।

गण्डकी विश्वविद्यालयको परीक्षा नियन्त्रक पदका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु । परीक्षा नियन्त्रकको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने नियुक्ति हुदाँका बखत म कुनै राजनीतिक दलको सदस्य नरहने, र प्रचलित कानुन बमोजिम यस पदमा नियुक्तिको लागि अयोग्य नभएको स्वघोषणा गर्दै म परीक्षा नियन्त्रक पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

१. **विश्वविद्यालयको नामः** गण्डकी विश्वविद्यालय

२. **नियुक्ति हुन चाहेको पदः** परीक्षा नियन्त्रक

३. **दरखास्त पेश गरको व्यक्तिकोः**

**(क) व्यक्तिगत विवरणः**

नाम थर
(देवनागरी):- ..........................................................................................
ENGLISH BLOCK LETTER ..................................................................
कार्यरत संस्थाः ..............................................पद
..........................................
नेपाली नागरिकताको प्रमाण पत्र नं. ................जारी मितिः
.................जिल्लाः.............
स्थायी ठेगानाः..........................................................................................
अस्थायी ठेगानाः......................................................................................
जन्म मितिः ....................साल....................महिना......................गते
सम्पर्क नम्बरः ..............................इमेलः
................................................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | श्रेणी वा CGPA | विषय | शीर्षक |
|---|---|---|---|---|---|---|
| १. | विद्यावारिधि | | | | | |
| २. | स्नातकोत्तर | | | | | |
| विद्यावारिधिको शोध **शीर्षक** | | | | | | |

(ग) शैक्षिक अनुभवः

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशनः

| क्र.सं. | पुस्तकको नाम | ISBN NO | पुस्तकको विधा | प्रकाशक | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ङ) सम्पन्न गरिएका प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरणः

| क्र.सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सहायक अनुसन्धानकर्ता के हो? खुलाउनु पर्नेछ ।

**परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समेत समावेश गर्नुपर्नेछ ।

## (च) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

Ranked Journals/Proceeding (Scimago Journal Ranking) ***
For Scimago Rank, $Q_1$-$Q_4$

| क्र.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | **Scimago Rank Q1-Q2** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

For Scimago Rank, Q3-Q4

| क्र.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | **Scimago Rank Q3-Q4 or Nepjol** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**** For Scimago Rank, Visit: http://www.Scimagojr.com*

**(ज) दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणः** (उम्मेदवारहरूले देहायबमोजिमका कागजातहरूको प्रतिलिपि आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।)

१. अनुसूची-१ को ढाँचामा दरखास्त,

२. विश्वविद्यालयको खातामा दरखास्त दस्तुर वापत रु. १०००।— (अछेरुपि एक हजार मात्र) जम्मा गरेको भौचर,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. हाल सालैको वैयक्तिक विवरण (Curriculum Vitae) तीन प्रति

५. स्नातकोत्तर तह तथा एम फिल/एम एस्/विद्यावारिधि उपाधी (उपाधि हासिल गरेकाहरूको हकमा) का प्रमाणपत्रहरूको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि हासिल गरेको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि)

६. प्राज्ञिक क्षेत्रमा पुस्तक लेखी प्रकाशन गरेको भए सो को प्रति,

७. समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्राज्ञिक क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

८. प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

९. दुई हजार पाँच सय शब्दसम्मको मुद्रित (Hard copy) विश्वविद्यालयको लागि परीक्षा नियन्त्रकको पदावधिको चार वर्षे व्यावसायिक कार्ययोजना (Four Years Professional Plan) । Plagiarism check (साहित्यिक वा बौद्धिक चोरीको जाँच)को प्रतिवेदन पेश गर्नु पर्नेछ।

१०. अन्य केही भए सोको विवरण ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
|---|---|
| | |

औंठा छाप

दस्तखतः ........................................

नाम थरः ........................................

मितिः ........................................

सम्पर्क नम्बरः ........................................

ईमेलः

द्रष्टव्यः माथिका विभिन्न महलहरूमा पुष्टयाइ लेख्न ठाउँ अभाव भएमा छुट्टै पानाको प्रयोग गर्न सकिनेछ।

**अनुसूची - २**

**(दफा ८ (१) सँग सम्बन्धित)**

**प्राज्ञिक र प्रशासनिक क्षेत्रमा हासिल गरेको अनुभव, पुस्तक तथा लेख प्रकाशन, व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ताको मूल्याङ्कन**

| **क) प्राज्ञिक तथा प्रशासनिक क्षेत्रमा अनुभव पुस्तक तथा लेख प्रकाशन** | **अधिकतम अङ्क भार** | **अङ्क विभाजन र आधार** |
|---|---|---|
| (१) शैक्षिक योग्यता प्रमाणपत्र | ५ | क) न्यूनतम योग्यता स्नाकोत्तर तहः<br>प्रथम श्रेणी- ४ अङ्क, द्वितीय श्रेणी- ४ अङ्क<br>ख) उच्च अध्ययन (विद्यावारिधि): -१ अङ्क<br>वा<br>उच्च अध्ययन (एम फिल/एम एस): -१ अङ्क |
| (२) स्वदेशी वा विदेशी विश्वविद्यालय, प्रतिष्ठान वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायहरूको शैक्षिक संस्थामा काम गरेको अनुभव | ४ | अनुसन्धान वा अध्यापन क्षेत्रमा काम गरेको भएमा प्रतिवर्ष ०.५ अङ्कका दरले आठ वर्षको लागि अधिकतम चार अङ्क।<br>द्रष्टव्यः<br>(१) यसरी अङ्क विभाजन गर्दा वर्ष दिनभन्दा कम अवधिको चानचुन महिना तथा दिनको अङ्क गणना हुने छैन । |
| (३) प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशन | १ | (१) ISBN प्राप्त प्राज्ञिक पुस्तक लेखे बापत प्रति पुस्तक ०.५ अङ्क दरले अधिकतम दुईवटा सम्म,<br>(२) प्राज्ञिक पुस्तक लेखे वापत प्रति पुस्तक शून्य दशमलब दुई पाँच अङ्कका दरले अधिकतम चार वटा सम्म ।<br>(३) खण्ड (१) र (२) दुबैमा अङ्क प्राप्त गर्न कुनै बाधा पर्ने छैन। |
| (४) समकक्ष समिक्षित जर्नलमा (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्रकाशित अनुसन्धानमुलक लेख, | ३ | (१) Scimago Journal Ranking को Q-1 देखि Q-2 सम्ममा First author वा Corresponding author भए प्रति लेख एक अङ्क दरले अधिकतम तीन वटा लेखसम्म र Co-author भए प्रति लेख एक अङ्कको दरले लेखक सङ्ख्याले भाग गरी हुन आउने दामासाही अङ्क । |

| | | |
|---|---|---|
| | | (२) Scimago Journal Ranking को Q-3 देखि Q-4 सम्ममा वा Nepjol मा First author वा Corresponding author भए प्रति लेख वापत शून्य दशमलब दुई पाँच अङ्कका दरले अधिकतम छ वटा सम्म । Co-author भए शून्य दशमलब दुई पाँच अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क ।<br>(३) खण्ड (१) र (२) दुबैमा अङ्क प्राप्त गर्न कुनै बाधा पर्ने छैन। |
| (५) प्राज्ञिक अनुसन्धानमूलक परियोजना | १ | (१) प्राज्ञिक क्षेत्रमा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको अनुसन्धानमूलक परियोजनामा मूख्य अनुसन्धानकर्ता (PI) भई अनुसन्धान सम्पन्न गरे वापत प्रति अनुसन्धान परियोजना एक अङ्क,<br>(२) संयुक्त रुपमा गरिएको अनुसन्धानको हकमा सहायक अनुन्धानकर्ता (Co-PI) भई कुनै अनुसन्धान परियोजना सम्पन्न गरेकोमा प्रति अनुसन्धान परियोजना शुन्य दशमलव पाँच अङ्कका दरले अधिकतम दुई वटा परियोजनाका लागि ।<br>(३) खण्ड (१) र (२) दुबैमा अङ्क प्राप्त गर्न कुनै बाधा पर्ने छैन। |
| (६) विश्वविद्यालयको परीक्षा व्यवस्थापनमा गरेको विशेष योगदान (२०० भन्दा कम शब्दमा प्रमाण सहित पेश गर्ने) | १ | |
| **ख) परीक्षा नियन्त्रक पदको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Plan)** | **अधिकतम अङ्क भार** | **अङ्क विभाजन र आधार** |
| (१) विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Plan) | २५ | (१) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- तीन अङ्क |

| | | |
|---|---|---|
| | | (२) परीक्षाको मर्यादा, प्रश्नपत्रको पूर्ण गोपनियता र सुरक्षा व्यवस्थापनको खाका - चार अङ्क<br>(३) परीक्षा प्रणालीमा सूचना प्रविधिको प्रयोग, सफ्टवेयर अटोमेशन र डिजिटल रेकर्ड व्यवस्थापन - दुई अङ्क<br>(४) शैक्षिक पात्रो अनुसार समयमै परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनको योजना- दुई अङ्क<br>(५) परीक्षा र मूल्याङ्कन पद्धतिमा सुधार, गुणस्तर सुनिश्चितता र विद्यार्थी गुनाको व्यवस्थापन- चार अङ्क |
| **(ग) प्रस्तुति र अन्तर्वार्ता** | **अधिकतम अङ्क भार** | **अङ्क विभाजन र आधार** |
| (१) व्यावसायीक योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता | २० | मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ । बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ । सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशत मात्र गणना हुनेछ । मुल्याङ्कको अङ्क विभाजन धारा ८ (३) मा उल्लेख गरे बमोजिम हुनेछ। |